# नयाँ कोरोना भाइरस संक्रमण बिरुद्ध खोप लगाउने बारेमा

## ◎कार्यान्वयनको बिषयमा

नयाँ कोरोना भाइरस संक्रमण बिरुद्ध खोपको बारेमा, प्रत्येक गाउँ तथा नगरपालिकामा क्रमबद्ध रूपमा खोप लगाउने प्रक्रिया अगाडि बढेको छ । खोप लगाउन सुरुहुने समय, खोप लगाउने स्थान, खोप लगाउन बुकिंग गर्ने तरिका आदि प्रत्येक गाउँ तथा नगरपालिका अनुसार फरक पर्नेछ । यदि केहि नबुझेका कुराहरु छन भने प्रत्येक गाउँ तथा नगरपालिकाको रिसेप्सन काउन्टरमा सम्पर्क गर्नुहोस ।

प्रत्येक गाउँ तथा नगरपालिका रिसेप्सन काउन्टरको सूची :
https://www.pref.miyagi.jp/soshiki/situkan/corona-vaccine.html#contact

## ◎खोप लगाउने समयावधि

2021 फेब्रुअरी 17 तारिक बाट 2022 फेब्रुअरीको अन्त सम्मको योजना छ । स्वास्थ्यकर्मी आदि पछि, ज्येष्ठ नागरिक, अन्तर्निहित दिर्घरोग भएका बिरामी व्यक्तिहरु आदिलाई क्रमशः लगाउने प्रक्रिया अगाडि बढ्ने अपेक्षा गरिएको छ ।

## ◎खोप लगाउने लक्षित समूह

फाइजर कम्पनि : 12 वर्ष भन्दा माथिका व्यक्ति

ताकेदा／मोडेरुना कम्पनि : 18 वर्ष भन्दा माथिका व्यक्ति

## ◎प्राथमिकता अनुसार खोप लगाउने क्रम

खोप चाहिँ बिस्तारै बिस्तारै आपूर्ति गरि लगाउने अपेक्षा हुनुका साथै, लगातार लगाउने तथा क्रमशः लगाउदै जाने कार्य गरिनेछ ।

. स्वास्थ्य कर्मीहरू, इत्यादि ।

. ज्येष्ठ नागरिक(2021 साल भित्रमा 65 बर्ष पुग्ने, सन 1957 अप्रिल 1 तारिक भन्दा पहिले जन्मिएका व्यक्ति)

. ज्येष्ठ नागरिक बाहेक अन्यमा अन्तर्निहित रोग भएका बिरामी व्यक्तिहरु वा बृद्धआश्रम आदिमा बस्नुभएका व्यक्तिहरु)

. यस बाहेकका अन्य व्यक्तिहरु

※गर्भवती बन्ने सोचमा हुनुहुने व्यक्ति वा गर्भवती हुनुभएका व्यक्ति, बच्चालाई स्तनपान गराइराख्नु भएका व्यक्ति, नयाँ कोरोना भाइरस बाट संक्रमित हुनुभएका व्यक्तिहरु पनि खोप लगाउन सक्नुहुन्छ ।

<अन्तर्निहित दिर्घरोग भएका बिरामी व्यक्तिको दायरा>

1 तलका निम्नलिखित बिरामी वा अवस्था भएका व्यक्तिहरुमा, फलोअप गराई रहनुभएका वा अस्पतालमा भर्नाहुनुभएका व्यक्तिहरु

① दीर्घकालीन श्वासप्रश्वास रोग

② दीर्घकालीन हृदय रोग (उच्च रक्तचाप सहित)

③ दीर्घकालीन मिर्गौला रोग

④ दीर्घकालीन कलेजो रोग (लिभर सिरोसिस, आदि)

⑤ इन्सुलिन वा खाने औषधिले उपचार भैरहेको मधुमेह अथवा अन्य रोग एकैसाथ भैरहेको मधुमेह

⑥ रक्त सम्बन्धीत रोग (यद्यपि, आइरनको कमीलेहुने रक्ताल्पता बाहेक)

⑦ प्रतिरोधात्मक क्षमतालाई कम गर्ने रोग (उपचार वा हेरचार गरिरहनुभएको घातक ट्यूमर सहित।)

⑧ स्टेरोइड जस्ता, प्रतिरोधात्मक क्षमतालाई कमजोर तुल्याउने रोगको उपचार गर्दै गरेका

⑨ प्रतिरोधात्मक क्षमता विकृतिसँग सबन्धित न्युरोलोजिकल वा न्यूरोमस्कुलर रोग

⑩ न्युरोलोजिकल वा न्यूरोमस्कुलर रोगको कारणले शारीरिक कार्यहरु घटेको (श्वासप्रश्वासको बिकार आदि)

⑪ क्रोमोजोम्सको असन्तुलन

⑫ गम्भीर शारीरिक र मानसिक अशक्तता (गम्भीर शारीरिक अक्षमता र गम्भीर बौद्धिक अक्षमताको स्थिति)

⑬ स्लिप एपनिया सिन्ड्रोम

⑭ गम्भीर मानसिक रोग (मानसिक रोगको उपचारका लागि अस्पतालमा भर्ना भएका,मानसिक अशक्तता प्रमाणपत्र भएकाहरु, वा आफ्नो खर्च कम हुने गरि सार्वजनिक वित्तीय सहयोग प्राप्त (मानसिक बाहिरंग सेवा) मा「गम्भीर तथा निरन्तर」श्रेणीको उपचार गराइरहेको) वा बौद्धिक अक्षमता (पुनर्स्थापना प्रमाणपत्र भएको)

2 मापदण्ड (BMI30 भन्दा माथि) नाघेको मोटोपन भएका व्यक्तिहरु

## ◎ खोप लगाउने स्थान

सिद्धान्त अनुसार, बसोबास कार्ड दर्ता भएको स्थानको नगर तथा गाउँपालिका(निवास स्थान) को चिकित्सा सेवा संस्थान वा तय गरिएको खोप लगाउने स्थानमा खोप लगाउन सम्भब गरिने योजना छ ।

## ◎ खोप लागउन लाग्ने खर्च

पूर्ण रुपमा सार्बजनिक खर्चमा खोप लगाउने हुनाले, निशुल्क हुनेछ ।

## ◎ खोप लगाउने संख्या

हाल सरकारले निश्चित अपेक्षा गरेको खोपको बारेमा, दुई पटक खोप लगाउने अपेक्षा गरिएको छ ।

फाइजर कम्पनिको खोप, पहिलो पटकको खोप लगाएपछि तिन हप्ता पछि दोस्रो पटकको
खोप लगाइने छ ।

ताकेदा／मोडेरुना कम्पनिको खोप चाहिँ, पहिलो पटकको खोप लगाएपछि चार हप्ता पछि दोस्रो पटकको खोप लगाइने छ ।

## ◎ खोप लगाउने बेलाको सहमति

नयाँ कोरोना भाइरसको खोप लगाउने बारेमा, सबैजनालाई सहभागी हुनको लागि प्रोत्साहन गर्दछौं तर, खोप लगाउन जबरजस्ती चाहिँ छैन । राम्रोसँग जानकारी प्रदान गरेपछि, खोप लगाउने व्यक्तिको सहमति भएमा मात्र खोप लगाउने कार्य गरिनेछ ।

## ◎ खोप लगाए पछि साइडइफेक्टको शंकाको बारेमा

मुख्यतया साइडइफेक्टको रुपमा, इंजेक्शन लगाएको भागमा दुख्ने, टाउको दुख्ने, जोर्नी र मांसपेशी दुख्ने, थकान लाग्ने, जाडो हुने, ज्वोरो आउने आदि हुन सक्दछ । साथै, बिरलै रुपमा हुनसक्ने गम्भीर साइडइफेक्टको रुपमा, एनाफिलेक्सिस आदि हुन सक्दछ ।

खोप लागएपछि मनमा चिन्ता लाग्ने जस्ता लक्षण देखा परेमा, खोप लगाउने डाक्टर वा आफुले जचाउने गरेको

डाक्टर सँग परामर्श गर्नुहोला ।
साथै, साइडइफेक्ट आदिका स्वास्थ्य परामर्शको लागि, तलको मियागी प्रान्तको कलसेन्टरमा सम्पर्क गर्नुहोला ।

< भ्याक्सिन साइडइफेक्ट परामर्श केन्द्र >
फोननम्बर : 050－3615－6941 (बिहान 8 बजेर 45 मिनेट～बेलुका 5 बजेर 15 मिनेट सम्म)
※ अंग्रेजी, चाइनिज, कोरियन, स्पेनिस, पोर्चुगली, जापानिज भाषा : हरेक दिन
थाई, नेपाली, भियतनामी, रसियन, तागालोग, इन्डोनेसियन, हिन्दी भाषा : कार्यालय दिनमा मात्र

．．．．．．．．．．．．．．

नयाँ कोरोना भाइरस संक्रामक रोगसँग सम्बधि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको टेलिफोन परामर्श काउन्टर
फोन नंम्बर : 0120－565653 (फ्रि-डाएल)
रिसेप्सन समय : तल हेर्नुहोला (शनिबार, आइतवार र बिदाको दिनहरूमा पनि संचालन)
जापानिज, अंग्रेजी, चाइनिज, कोरियन, पोर्चुगाली, स्पेनिस भाषा : बिहान 9 बजे देखि ～ बेलुका 9 बजे सम्म
थाई भाषा : बिहान 9 बजे देखि～बेलुका 6 बजे सम्म
भियतनामी भाषा : बिहान 10 बजे देखि～बेलुका 7 बजे सम्म

## ◎तोहोकु विश्वविद्यालय (मियागी प्रान्त・सेन्दाई सिटी) खोप लागाउने केन्द्र खुल्ने बारेमा

**उद्देश्य** नयाँ कोरोना भाइरस संक्रमण बिरुद्धका उपायको रुपमा, जुलाईको अन्त्य सम्ममा ज्येष्ठ नागरिकलाई खोप लगाउने कार्य सुनिश्चित गरेर, त्यसपछि अन्तर्निहित दिर्घरोग भएका बिरामी व्यक्तिहरु वा 65 वर्ष भन्दा कम उमेर भएका व्यक्तिहरुलाई खोप लगाउने प्रक्रिया सहज रूपमा अगाडि बढाउन, गाउँ तथा नगरपालिकाको सहयोगको रुपमा खोप केन्द्र स्थापना गर्नेछौं ।

**स्थापना समय** 2021. 5. 24 तारिक (सोमवार) बाट केही समयको लागि
बिहान 9 बजेर 3 0 मिनेट～5 बजे सम्म (शनि,आइत र सार्बजनिक बिदाको दिनमा पनि खुल्ने छ)

**रात्रिकालिन खोप लगाउने कार्य संचालनको बारेमा**
○ 2021 जुलाई 19 तारिक सोमबार बाट शुरु
○ बेलुका 6 बजेबाट राति 9 बजे सम्म खोप लगाइनेछ (कार्यालय दिन मात्र, शनि आइत र सार्बजनिक बिदाको दिनमा भने खुल्ने छैन)

**स्थापना स्थान** योदोबासि क्यामेरा मल्टीमिडिया सेन्दाई 4औं तला
(सेन्दाई-सि मियागीनो-कू चूचूजिगाओका 1-2-13)

**लक्ष** **मियागी प्रान्त भित्र बसोबास भै तलको कुनैपनि एउटा अन्तरगत पर्ने व्यक्ति**
**（1）उमेर 1 8 बर्ष भन्दा माथि ※ भै मियागी प्रान्तभित्र सिटी, माची, मुरा, बाट खोप लगाउने कुपन पाएको हुनुपर्ने**
**※1 8 वर्ष लागे पछि खोप लगाउन सम्भब छ तर, बुकिंग गर्ने बेलामा 17 बर्ष उमेर भएका**

**व्यक्तिले चाहिँ Web बुकिंग साइड साथै LINE बाट बुकिंग गर्न नमिल्ने हुदाँ、सम्बधित सम्पर्क कार्यालमा, बुकिंग काउन्टरमा गई बुकिंग गर्न अनुरोध गर्दछौ ।**

**（2）आफै खोप लगाउने ठाउँ सम्म जान सक्नुहुने व्यक्ति**

**（3）यसपटक पहिलो पटकको खोप लगाउदै हुनुहुने व्यक्ति**

**लगाउने खोप** ताकेदा／मोडेरुना कम्पनि द्वारा बनाइएको खोप

**बुकिंग गर्ने तरिका <Web बुकिंग साइड बाट बुकिंग> (जापानिज भाषा मात्र)**

https://www.covid19-vaccine.mrso.jp/miyagi/VisitNumbers/visitnoAuth/

**<फोन बाटको बुकिंग>**

**सम्बधित सम्पर्क कार्यालय, बुकिंग काउन्टर फोन: 0570－003－503 (नाबि डायल)**

**रिसेप्सन समय : बिहान 9 बजे ～ बेलुका 6 बजे (शनि, आइत र सार्बजनिक बिदाको दिनमा पनि खुल्ने छ)**

**【साबधानी अपनाउनुपर्ने】**

**・कृपया डबल बुकिंग नगरिदिनुहोस ।**

**・बुकिंग गरिदिने भनेर गर्ने ठगि、शंकास्पद SMS、नक्कली बुकिंग साइड बाट सावधान रहनुहोस् ।**

(जापानीज भाषा राम्रोसँग बुझ्नुहुन्न भने**,** कृपया मियागी विदेशी नागरिक परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस)

**◎मियागी विदेशी नागरिक परामर्श केन्द्र फोन नम्बर : 022－275－9990**

सोमबार देखी शुक्रबार 9：00～17:00

※ अंग्रेजी, चाइनिज, कोरियन, तागालोग, भियतनामी, नेपाली, इन्डोनेसियन, थाई, हिन्दी, स्पेनिस, पोर्चुगली, रसियन भाषाहरुमा परामर्श लिनसकिन्छ ।

(मियागी प्रान्त सार्बजनिक सूचना / सम्पादन・अनुवाद ：MIA)

अपडेट 2021.7.7 तारिक